# राष्ट्रिय योजना आयोगका पदाधिकारीहरुद्वारा मलेसिया भ्रमण

नेपालको दीर्घकालीन विकासको रणनीति (Envisioning Nepal 2030) तर्जुमा गर्ने कार्य शुरु गरिएको सन्दर्भमा उच्च आर्थिक वृद्धि हासिल गरिरहेका मुलुकहरुको अनुभव बारेमा जानकारी हासिल गर्ने क्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. मीनबहादुर श्रेष्ठज्यूको नेतृत्वको एक उच्चस्तरीय टोलीले यही २०७३ माघ ११ देखि १५ (January 24-28, 2017) सम्म मलेसियाको अध्ययन भ्रमण सम्पन्न गरेको छ ।

भ्रमणको प्रमुख उद्देश्य मलेसियाको द्रुत आर्थिक विकासमा विशेष योगदान रहेको आर्थिक परिवर्तन कार्यक्रम - Economic Transformation Programme_ तथा व्यवस्थित शहरी विकासमा अपनाएको सार्वजनिक-निजी-साझेदारी (PPP) मोडेलका बारेमा अध्ययन गर्नु रहेको थियो । भ्रमणका क्रममा उक्त टोलीले मलेसियाका प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा रहेका आर्थिक योजना इकाई (Economic Planning Unit, EPU), कार्यसम्पादन व्यवस्थापन तथा कार्यान्वयन इकाई (Performance Management and Delivery Unit, PEMANDU) र सार्वजनिक निजी साझेदारी इकाई (Public Private Partnership Unit, UKAS) एवम् पुत्रजया निगम (Putrajaya Corporation) र Frost and Sullivan जस्ता संस्था तथा निकायहरुमा गई छलफल तथा अन्तर्क्रिया गरेको थियो ।

अध्ययन भ्रमणको क्रममा भ्रमण टोलीले प्रधानमन्त्री कार्यालयका मन्त्री तथा PEMANDU का प्रमुख दातो इद्रिस जाला लगायत मलेसियाको योजना तथा कार्यक्रम निर्माण एवम् कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थाका उच्च पदाधिकारीहरुसंग शिष्टाचार भेट गर्नुका साथै आपसी सहयोग विस्तारका विषयमा समेत छलफल गरेको थियो ।










उक्त टोलीमा आयोगका माननीय सदस्य डा. सुनिल बाबु श्रेष्ठ, माननीय सदस्य डा. प्रभु बुढाथोकी, सहसचिव श्री लालशंकर घिमिरे, कार्यक्रम निर्देशक डा. चक्रपाणि आचार्य र कार्यक्रम निर्देशक श्री दीपक ढकालको सहभागिता रहेको थियो । सो भ्रमण टोलीमा एशियाली विकास बैंकको तर्फबाट राष्ट्रिय निर्देशक केनिची योकोयामा तथा सुश्री नलिना नकर्मी एवम् मलेसियास्थित नेपाली दुतावासका द्वितीय सचिव श्री प्रेमराज गौतमको समेत सहभागिता रहेको थियो ।

मलेसियाका लागि नेपाली राजदुत डा. निरन्जनमान सिंह बस्न्यातले नेपाली प्रतिनिधिमण्डलको स्वागत तथा विदाइ गर्नुभएको थियो ।